# दशरथचन्द नगरपालिका

# स्थानीय राजपत्र


दशरथचन्द नगरपालिका द्वारा प्रकाशित

**बैतडी जिल्ला , सुदुरश्चिम प्रदेश, नेपाल**

भाग २ वर्ष : २ अकं १ २०७५ चैत्र १५ गते शुक्रवार


**दशरथचन्द नगरपालिकाको सूचना**

नगर कार्यपालिकाबाट मिति **२०७५/६/५** मा स्वीकृत भएको “घ”वर्गको निर्माणव्यवसायको नयाँ इजाजतपत्र जारी, नवीकरण, नामसारी तथा खारेजी गर्ने सम्बन्धी कार्य विधि २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

## “घ”वर्गको निर्माणव्यवसायको नयाँइजाजतपत्र जारी, नवीकरण, नामसारी तथा खारेजी गर्ने सम्बन्धी कार्यविधि २०७५

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (छ) १० बमोजिम“घ”वर्गको निर्माण व्यवसायीको नयाँ इजाजत पत्र जारी, नामसारी तथा खारेज गर्ने अधिकार गाउँपालिका तथा नगरपालिकामा भएको व्यवस्था बमोजिम“घ”वर्गको निर्माण व्यवसायको नयाँ इजाजतपत्र जारी, नवीकरण नामसारी तथा खारेज गर्ने सम्बन्धी कार्यविधि २०७५ तयार गरिएको छ ।

**१) कार्यक्षेत्र तथा योग्यता**

क. यस कार्यविधिअन्तर्गत इजाजतप्राप्तनिर्माणव्यवसायीले सार्वजनिकखरिद ऐन २०६३(पहिलो संधोधन समेत ) तथा सार्वजनिकखरिद नियमावली २०६४ ( पाचौं संधोधन समेत) मा व्यवस्था भए बमोजिम कुनै पनि सार्वजनिक निकायका सार्वजनिक निर्माणका कार्यहरू गर्न सक्नेछ ।

ख. कुनै पनि नेपाली नागरिक भएको व्यक्ति वा नेपाल सरकारको कम्पनीदर्ता ऐन बमोजिमदर्ता भएको प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी “घ” वर्गको निर्माण• यवसायको इजाजत पत्रकालागि निबेदन दिन सक्नेछन् ।

दशरथचन्द नगरपालिका

ग. यस कार्यविधिमा उल्लेखित कुनै पनि बुदाँ नेपाल सरकारले जारी गरेको ऐन, नियम कानुन संग बाझिएको हकमा नेपाल सरकारकै ऐन, नियम कानुन बमोजिम हुनेछ ।

**२) "घ"वर्गको निर्माण व्यवसायको इजाजत पत्रकालागि आवश्यक मापदण्ड**

"घ"वर्गको निर्माण व्यवसायको नयाँ इजाजतपत्र र इजाजतपत्र नामसारीकालागि कम्तिमा अनुसुची क बमोजिम मेशिनरी तथा औजार र अनुसुची ख बमोजिमको जनशक्तिको मापदण्ड पुरा भएको हुनु पर्नेछ ।

**३) आवश्यक न्युनतम जनशक्ति**

"घ"वर्गको निर्माण व्यवसायको नयाँ इजाजतपत्र र इजाजतपत्र नामसारीकालागि अनुसुची-ख मा उल्लेख भए बमोजिम जनशक्तिको विवरण तपसिल बमोजिम नोटरी पब्लिक बाट प्रमाणित कर्मचारी विवरण निबेदन साथ संलग्न गर्नु पर्नेछ ।

| सि.नं. | नाम ठेगाना | शैक्षिक योग्यता | पद | कार्य अवधि |
|---|---|---|---|---|
| | | | | |

**४) आवश्यक न्यूनतम मेशिनरी तथाऔजार**

क) "घ"वर्गको निर्माण व्यवसायको नयाँ इजाजतपत्र र इजाजतपत्र नामसारीकालागि निबेदकले अनुसुची-क बमोजिम व्यहोराको मेकानिकल इन्जिनियरको सिफारिस एवं नोटरी पब्लिकबाट प्रमाणित मेशिनरी तथा औजारको विवरण निबेदन साथ संलग्न गर्नु पर्नेछ ।

**५) आवश्यक न्युनतम बैंक मौज्दात**

"घ"वर्गको निर्माणव्यवसायको इजाजतपत्रकालागि रू.१,००,०००।०० बराबरको नगद वा बैंक क्रेडिट उपलब्ध रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

**६) ईजाजत पत्र जारी /नामसारी / खारेजी**

क. दशरथ चन्द, नगर कार्यपालिकाको कार्यालयलाई "घ"वर्गको निर्माण व्यवसायको नयाँ इजाजतपत्र इजाजतपत्र नामसारी गर्नका लागि अनुसुची - ग बमोजिमको "घ" वर्गको निर्माण व्यवसायको इजाजतपत्र सिफारिस समिति गठन गरिनेछ ।

ख. "घ"वर्गको निर्माण व्यवसायको इजाजतपत्र सिफारिस समितिले प्राप्त निबेदन तथा अन्य विवरणहरूको अध्ययन गरी इजाजतपत्रकालागि नगर कार्यपालिकाको कार्यालयलाई ७ दिन भित्र सिफारिस गर्नु पर्नेछ । सिफारिस समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको निर्णय बमोजिम व्यवसायको नयाँ इजाजतपत्र जारी गरिनेछ ।

ग) माथी जुन सुकै कुरा लेखिएको भएतापनी तत्काल नगर कार्यपालिकाको बैठक बस्ने अवस्था नभएमा "घ"वर्गको निर्माण व्यवसायको इजाजतपत्र सिफारिस समितिको सिफारिसका आधारमा पेश गरिएको विवरणहरूको अध्ययन गरी नगर प्रमुख स्तरिय निर्णय बमोजिम निमार्ण व्यवसायको ईजाजत पत्र नामसारी / खारेज तथा नयाँ ईजाजतपत्र जारी गर्न बाधा पर्ने छैन ।

**७) दर्ता, नवीकरण, नामसारी तथा खोरज शुल्क**

दशरथचन्द नगरपालिका

क) चालु आर्थिक वर्ष २०७४।७५ का लागि"घ"वर्गको निर्माण व्यवसायको इजाजतपत्र सम्बन्धमा देहाय बमोजिमको शुल्क निर्धारण गर्ने र आगामी आर्थिक वर्ष देखि नगर सभाले पारित गरे बमोजिमको शुल्क लागु हुनेछ ।

१. "घ"वर्गको निर्माणव्यवसायको इजाजतपत्रदर्ता शुल्क रू. १०,०००।००

२. "घ"वर्गको निर्माणव्यवसायको इजाजतपत्रहकवालाको नाममानामसारी दर्ता शुल्क रू.३,०००।००

३. "घ"वर्गको निर्माणव्यवसायको इजाजतपत्रहकबाहेकको नाममानामसारी दर्ता शुल्क रू.७,०००।००

४. "घ"वर्गको निर्माणव्यवसायको इजाजतपत्रनवीकरणशुल्क रू.२,५००।००

५. "घ"वर्गको निर्माणव्यवसायको इजाजतपत्रनवीकरणशुल्क रू.२,५००।०० असोज मसान्त भित्र

६ "घ"वर्गको निर्माणव्यवसायको इजाजतपत्रनवीकरणशुल्क रू.५,०००।०० चैत्र मसान्तभित्र

**८) इजाजतपत्र रद्द गर्न सक्ने**

क) दशरथचन्द नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले देहाय बमोजिमको अवस्थामा नगर कार्यपालिका कार्यालयबाट जारी भएको इजाजतपत्र रद्द गर्न सक्नेछ । तर यसरी इजाजतपत्र रद्द गर्न अघि सम्बन्धित पक्षलाई स्पष्टिकरणको मौका दिइनेछ ।

१. प्रचलित कानुन बमोजिम तोकिएको अवाञ्छित कृयाकलापमा सहभागि भएको प्रमाणित भएमा

२. कार्यविधि अनुसार तोकेको न्युनतम जनशक्ति र मेशिनरी तथा औजारको सुनिश्चिता गरेको नपाइएमा

३. सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सुचीमा परेमा ।

४. अन्य सरकारी कार्यालयबाट आवश्यक प्रमाण सहित इजाजतपत्र रद्द गर्न सिफारिस भई दशरथचन्द नगरपालिका, नगर कार्य पालिकाको कार्यालयले मुनासिव ठानेमा ।

**९) पुनरावलोकन**

क) यस कार्यविधि बमोजिम इजाजतपत्र रद्द गरेको विषयमा निर्माण व्यवसायीलाई चित नबुझेमा पुनरावलोकनकालागि दशरथचन्द नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निबेदन गर्न सक्नेछ र दशरथचन्दनगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट भएको निर्णय नै अन्तिम निर्णय मान्य हुनेछ ।

**अनुसुची (क)**

"घ"वर्गको निर्माण व्यवसायको इजाजत पत्रकालागि आवश्यक न्युनतम मेशिनरी तथा औजारको विवरण

| सि.नं. | मेशिनरी तथाऔजारको विवरण | न्युनतमआवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | टिप्पर/ट्याक्टर | १ | मेशिनरी तथाऔजार खरिद गरेको भ्याटबिलको प्रमाणितप्रतिलिपी र उपकरणहरू चालु अवस्थामा रहेको भनि मेकानिकल इन्जिनियरले सिफारिस गरेको प्रमाणितप्रतिलिपी पेश गर्नु पर्ने |
| २ | क्रक्रिटमिक्सचर | १ | |
| ३ | भाइब्रेटर | १ | |
| ४ | पम्प | १ | |

दशरथचन्द नगरपालिका

| | | | |
|---|---|---|---|
| ५ | लेबल मसिन | १ | |

**अनुसुची (ख)**

"घ"वर्गको निर्माण व्यवसायको इजाजतपत्रकालागि आवश्यक न्युनतम जनशक्तिको विवरण

| सि.नं. | जनशक्तिको विवरण | न्युनतमआवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | सिभिल सब इन्जिनियर | १ | कर्मचारीहरूको शैक्षिक योग्यताको प्रमाणित प्रतिलीपी तथा निजहरू संगको सम्झौता तथा नियुक्तिपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने । |
| २ | प्रशासन सहायक | १ | |
| ३ | लेखा सहायक | १ | |

**अनुसुची (ग)**

"घ"वर्गको निर्माण व्यवसायको इजाजतपत्र सिफारिस समिति

प्राविधिक शाखा प्रमुख :- ईन्जिनियर अध्यक्ष
राजश्व शाखा प्रमुख :- सदस्य
लेखा शाखा प्रमुख :- सदस्य
प्रशासन शाखाको ना.सु :- सदस्य सचिव
आमन्त्रित सदस्य :- निमार्ण व्यवसायी संघ को प्रतिनिधि
सिफारिस समितिले आवश्यकता अनुसार अन्य विज्ञ व्यक्तिहरुलाई आमन्त्रित गर्न सक्नेछ ।
१०. विविध
"घ"वर्गको निर्माण व्यवसायको इजाजतपत्र सिफारिस समितिको बैठक बसेको दिनको बैठकमा उपस्थित सदस्यहरुले रू.१०००।- एक हजार बैठक भत्ता पाउनेछन।

आज्ञाले

........................

यज्ञ राज लेखक

नि.प्रमुख प्रशासकिय अधिकृत

दशरथचन्द नगरपालिका